# माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, वसन्तपुर, चितवन
३ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**माडी नगरपालिकाद्वारा प्रकाशित**

खण्ड (३), साल २०७६ जेष्ठ महिना ७ गते, संख्या १

**भाग–२**

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधी, २०७६

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधी, २०७६

**प्रस्तावना :** माडी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माडी नगरकार्यपालिकाले देहायका कार्यविधी बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधी, २०७६ रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) "कार्यालय" भन्नाले माडी नगरपालिका कार्यालय सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष संझनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा निज सँग आश्रीत व्यक्ति संझनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले माडी नगरपालिकाको कार्यलय संझनु पर्छ ।

(ङ) "संचालक समिति" भन्नाले नियम ७ बमोजिम गठित समिति संझनु पर्छ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा संझनु पर्छ ।

३. **कोषको स्थापना :**

(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष रहने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) व्यक्ति, संघ संस्था वा नेपाल सरकारबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) बमोजिमको रकम कृषि विकास बैंक माडी शाखामा कोषको खाता खोली जम्मा गरिनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने :**

महिला हक हीतको क्षेत्रमा नगरपालिका भित्र कार्यरत राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्थाले बार्षिक रुपमा गर्ने खर्च मध्यवाट लैङ्गिक हिंसा न्यूनिकरणका लागि छुट्याएको रकम यसै कोषमा जम्मा गर्नु पर्नेछ ।

५. **कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिने छ ।

## ६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

## ७. संञ्चालक समितिको गठन :

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर उप प्रमुख, संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत, सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको कम्तिमा एक जना दलित महिला समेत ३ जना, महिला सदस्य

(घ) नजिकको प्रहरी कार्यालयको प्रतिनिधी, सदस्य

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना, सदस्य

(च) कार्यलयको समाजिक विकास शाखा हेर्ने प्रमुख, सदस्य सचिव

(३) सञ्चालक समितिको सचिवालय माडी नगरपालिका कार्यलयमा रहनेछ ।

## ८. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नेपाल सरकारबाट स्विकृति नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन पिडीतको नाममा रकम निकासा गर्ने,

(ग) पालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(घ) सीपमूलक तालिमप्राप्त पीडितलाई वीउ पुँजी (सिड मनि) प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागू गर्ने,

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(च) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने

(छ) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

## ९. सञ्चालक समितिको बैठक र निर्णय :

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ

र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार कार्यलयको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रीत सदस्यको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्ने छ ।

(९) यस कार्यविधी वमोजिम कार्यहरु सम्पादनका लागि अन्य निकाय वा साझेदारहरु संग समन्वय गर्न वा सहयोग लिनुदिनु परेमा संचालक समितीको निर्णय अनुसार हुनेछ ।

(१०) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. पिडीतलाई रकम उपलब्ध गराउने :

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट पिडीतको नाममा रकम निकाशा दिनेछ ।

## ११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :

(१) यस कार्यविधी बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन दुई सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा

प्रति दिन दुईसय पचास रुपैयाँको दरले बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन दुई सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा दुई हजार रुपैयाँ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

## १२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :

(१) यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग

पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले नियम ११ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२क. <u>तत्काल रकम उपलव्ध गराउन सक्ने :</u>**

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. <u>छुट्टै खाता खोल्नु पर्ने :</u>**

(१) कोषमा प्राप्त हुन आएको रकम लैङ्गिक हिंसा निवारण कोष नाममा कृषि विकास बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र निजले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. <u>कोषको लेखा र लेखा परिक्षण :</u>**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१५. आवर्ति (रिभल्भीङ) कोष :**

यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१६. प्रतिवेदन पेश गर्नेः**

(१) संचालक समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका  समक्ष पेश गर्नु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१७. बैठक भत्ताः**

सञ्चालक समिति संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर सभा तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१८. निर्देशन दिन सक्ने :**

(१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

आज्ञाले,
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत